# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

## चावहिल, काठमाडौं ।

**मिति २०७८ साल कार्तिक २८ गते आइतवार सम्पन्न भएको**
**दसौं वार्षिक साधारण सभाको निर्णय (माईन्युट) विवरण**

१. <u>प्रारम्भिक</u> :

सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०७/०४ गते बसेको सञ्चालक समितिको १८१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा तोकिए बमोजिमको कम्पनीको दसौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूको अध्यक्षतामा पूर्वसूचित विषयहरुमा छलफल र निर्णय भई देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. <u>सभाको मिति, समय र स्थान</u> :

| | | |
|---|---|---|
| मिति | : | २०७८ कार्तिक २८ गते आइतवार । |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं । |

३. <u>सभाको सूचना</u> :

कम्पनी ऐन, २०६३ को दफा-६७ (२) बमोजिम लघुवित्त वित्तीय संस्थाको दसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक मिति २०७८/०७/०५ गते र दोश्रो पटक मिति २०७८/०७/१० गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो ।

४. <u>उपस्थिति</u> :

कम्पनीको दसौं वार्षिक साधारण सभामा सेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, बैकिङ्ग विज्ञहरु तथा व्यवस्थापकीय कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

(क) <u>सञ्चालकहरुको उपस्थिति</u> :

| | | |
|---|---|---|
| १. श्री सचिन जङ्ग रायमाझी | अध्यक्ष, | प्रतिनिधि - सिभिल बैंक लि. |
| २. श्री सचिन नेवा | सञ्चालक, | प्रतिनिधि - सिभिल बैंक लि. |
| ३. श्री आँचल ढकाल | सञ्चालक, | प्रतिनिधि - सिभिल बैंक लि. |
| ४. श्री कृष्णप्रसाद अधिकारी | सञ्चालक, | सर्वसाधारण समूह |
| ५. श्री सुनिता आचार्य | सञ्चालक, | सर्वसाधारण समूह |
| ६. श्री शक्ति बल्लव श्रेष्ठ | सञ्चालक, | स्वतन्त्र |

**(ख) वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विनोद आचार्य, | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री देवकर कार्की, | बरिष्ठ प्रबन्धक/कम्पनी सचिव |
| ३. श्री सुमन कुमार दाहाल, | सहायक प्रबन्धक |
| ४. श्री सुवासमणी बस्ताकोटी, | सहायक प्रबन्धक |
| ५. श्री पुष्कर घिमिरे, | सहायक प्रबन्धक |
| ६. श्री कुशल पौडेल, | अधिकृत |

कम्पनी सचिव

७. श्री ऋकी महर्जन, अधिकृत
८. श्री बरुण श्रेष्ठ, अधिकृत
९. श्री पुरुषोत्तम श्रेष्ठ, कनिष्ठ अधिकृत
१०. श्री मनोज दानी, कनिष्ठ अधिकृत

**(ग) सेयरधनीहरुको उपस्थिति :**

१. स्वयम् उपस्थिति - ४५
२. प्रतिनिधि मार्फत उपस्थिति - ०
३. जम्मा उपस्थिति - ४५

**(घ) प्रमुख अतिथि :** श्री सुनिल कुमार पोखरेल, प्रमुख कार्यकारी अधिकृत, सिभिल बैंक लिमिटेड काठमाडौं

**(ङ) पर्यवेक्षकको रुपमा उपस्थिति :**

१. श्री झनक राज ढुङ्गेल, प्रमुख कार्यकारी अधिकृत, सिभिल क्यापिटल मार्केट लिमिटेड ।
२. श्री हिराकाजी बस्नेत, प्रतिनिधि, सिभिल बैंक लिमिटेड ।
३. श्री रविन कुमार श्रेष्ठ, बाह्य लेखापरीक्षक, आर. के. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स ।
४. श्री पराक्रम शर्मा, आन्तरिक लेखापरीक्षक, श्री पि. जे. पि. एन. एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स ।
५. श्री निर्देश श्रेष्ठ, आन्तरिक लेखापरीक्षक, श्री पि. जे. पि. एन. एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स ।

४.३ **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा-७३ बमोजिम) :

| सेयर तथा सेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कूल प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|
| सेयर संख्या | २४,२१,२१४ | १२,३७,७०२ | नभएको | १२,३७,७०२ | ५१.१२ |
| सेयरधनी संख्या | १९,६६८ | ४५ | नभएको | ४५ | ०.२३ |

५. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात, मिति २०७७/०४/०१ गते देखि २०७८ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

कम्पनी सचिव

CL3SL

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २४,२१,२१,३७९/५० को १ प्रतिशतको दरले रु. २४,२१,२१३/८० (अक्षरेपी चौबिस लाख एक्काइस हजार दुई सय तेह्र रुपैयाँ र पैसा असी मात्र) बराबर नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०७८/७९ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री आर. के. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स पूनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २४,२१,२१,३७९/५० को १९ प्रतिशतले हुन आउने रकम रु. ४,६०,०३,०६२/१० (अक्षरेपी चार करोड साठी लाख तीन हजार बैसठ्ठी रुपैयाँ र पैसा दस मात्र) बराबरको बोनस सेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको नियम ३२ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

६. **सभाको कारवाही र बैधानिकता :**
सर्वप्रथम कम्पनी सचिव श्री देवकर कार्कीले यस वित्तीय संस्थाको दसौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुँदै साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल सेयर संख्या पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेकाले सभा सञ्चालन गर्न अनुमतिका लागि संस्थाका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूलाई अनुरोध गर्नुभयो ।

७. **सभा अध्यक्षज्यूको आसन ग्रहण :**
साधारण सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले सभा अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

८. **स्वागत मन्तव्य :**
वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यले वित्तीय संस्थाको वर्तमान अवस्था बारेमा प्रकाश पार्दै संस्थाको उद्देश्य तथा वार्षिक लक्ष्य प्राप्ति गर्न र आईपर्ने चुनौतिको सामना गर्न व्यवस्थापन सदैव प्रयत्नशिल रहने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । साथै, उपस्थित सेयरधनी तथा प्रमुख अतिथि लगायत आमन्त्रित महानुभावहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत गर्नुभयो ।

कम्पनी सचिव

९. <u>शुभकामना मन्तव्य</u> :

प्रमुख अतिथिको रुपमा आमन्त्रित सिभिल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल कुमार पोखरेलज्यूले पूर्व मेची देखि महाकालीसम्मका जिल्लाहरुमा कार्यक्रम विस्तार भएको, दोहोरो अंकमा सेयरधनीलाई लाभांश वितरण गर्न सकेकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो । साथै, संस्थाले चालु आर्थिक वर्षको प्रथम त्रैमासमा गरेको उत्साहजनक प्रगतिको प्रशांसा गर्दै आगामी दिनमा संस्थाले आफ्ना ग्राहकलाई गुणस्तरिय सेवा उपलब्ध गराउने, कर्मचारीको कार्य क्षमतामा अभिवृद्धि गराउने र निष्कृय कर्जा व्यवस्थापनमा जोड दिई लगानीकर्तालाई यसै प्रकारको प्रतिफल दिन सकोस भनी संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नु भयो ।

१०. <u>वार्षिक प्रतिवेदन प्रस्तुति</u> :

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । समितिको प्रतिवेदन प्रस्तुत गरिसकेपछि अध्यक्षज्यूले यस सम्बन्धमा आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन हुन अनुरोध गर्नु भयो ।

११. <u>छलफलमा सेयरधनीहरुबाट व्यक्त गर्नु भएको जिज्ञासा, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन्</u> :

<u>सेयरधनीको तर्फबाट</u>

**१. श्री डमरु वलल्व घिमिरे :**

श्री डमरु वलल्व घिमिरेले हालका दिनमा संस्था व्यवस्थापन तथा सञ्चालनमा देखिएको चुस्त दुरुस्तता र संस्थाले कार्यक्रममा गरेको उत्साहजनक प्रगति प्रति खुशि व्यक्त गर्दै सञ्चालक तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । गत वर्षको साधारण सभामा दुई अंकमा लाभांश दिन सक्ने गरी व्यवसाय सञ्चालन गर्न सुझाव दिएकोमा सो पुरा गरेकोले सिभिल परिवारलाई पून: धन्यवाद दिनु भयो । साथै, आगामी दिनहरुमा यसै प्रकारले लाभांश वितरण गर्न सकोस भनी शुभकामना दिनु भयो ।

**२. श्री उद्धव प्रसाद घिमिरे :**

श्री उद्धव प्रसाद घिमिरेले कोभिड-१९ को महामारीमा पनि संस्था सञ्चालन गरेर लाभांश वितरण गर्न सकेकोमा धन्यवाद दिदैं आगामी वर्षमा पनि तुलनात्मकरुपमा अन्य संस्थाहरु भन्दा कम नहुने गरी लाभांश वितरण गर्न सुझाव दिनुभयो । गत वर्षको साधारण सभामा दिइएका सुझावहरु जस्तै : नाफा नोक्सान हिसाबमा सम्भावित नोक्सानी व्यवस्था र सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता दुबै शीर्षकमा रकम देखाउन, प्रगतिलाई ग्राफमा देखाउने गरेकोमा ग्राफ संख्या बढाउन, जगेडाकोषमा रकम बढाउन र साधारण सभा समयमै राख्न आदी सुझावहरु कार्यान्वयन भएकोमा खुशि व्यक्त गर्नु भयो ।

**३. श्री शिव प्रसाद पौडेल :**

श्री शिव प्रसाद घिमिरेले समृद्धिको सहयात्री नारा लिई संस्था प्रगति तिर लम्की रहेको व्यहोरा उल्लेख गर्दै आफ्नो उपस्थिति देखाउन विज्ञापनका उपयुक्त माध्यम अपनाउन, समय सापेक्ष कोर बैंकिङ्ग सिस्टममा अद्यावधिक गर्न सुझाव दिनुभयो ।

कम्पनी सचिव

४. **श्री अमिर दास रंजित :** श्री अमिर दास रंजितले विगतमा अन्य लघुवित्त संस्थाको भन्दा तुलनात्मकरुपमा कमजोर रहेको संस्था अब सही गतिमा प्रगति गर्न सकेको छ । संस्थाले सेयरधनीलाई स्थिर किसिमले प्रत्येक वर्ष प्रतिफल दिने लिएको रणनीतिको प्रशंसा गर्नु भयो । व्यवसाय विस्तारका लागि थप चुक्ता पूँजीको आवश्यक पर्ने देखिएकोले पूँजी वृद्धि गर्ने उपायको खोजी गर्नुका साथै गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रकृया अगाडि बढाउन सुझाव दिनु भयो ।

**१२. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा सेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा, राय तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस सिभिल लघुवित्त वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा सेयरधनी महानुभावहरु तथा विज्ञबाट प्रस्तुत गर्नुभएको महत्वपूर्ण सुझाव र जिज्ञासाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति सेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले साधारण सभामा उठाईएका जिज्ञासाहरुको सन्दर्भमा निम्नानुसार प्रत्यूत्तर प्रस्तुत गर्नु भयो ।

- संस्थाको वित्तीय अवस्थाले यस भन्दा बढी प्रतिफल दिन सक्ने सामर्थ्य हुँदाहुँदै पनि कोरोना महामारीको त्रास पूर्णरुपले निर्मल नभइसकेको अवस्थामा आगामी दिनमा संस्थाको कारोवारमा उत्पन्न हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै उक्त रकमलाई जगेडा कोषमा राखिएको हो ।
- यस वित्तीय संस्थाले सातै प्रदेशका जिल्लाहरुमा आफ्नो उपस्थित जनाउने गरी कार्यक्रम विस्तार गर्दै आएको छ । हाल खोलिएका शाखा कार्यालयको व्यवसायलाई हेर्दै आगामी दिनमा थप शाखा कार्यालयहरु खोलिने छन् । हालसम्म ३१ जिल्लाहरुमा ७४ शाखा कार्यालय मार्फत करिब ५८ हजार सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै करिव रु. ७५ करोड बचत संकलन गरेको छ भने लगानीमा रहिरहेको कर्जा रकम रु. ३ अर्ब २७ करोड रहेको छ ।
- प्रथम त्रैमासको तथ्याङ्कलाई आधार मान्दा यसै गतिमा कार्यक्रम सञ्चालन निरन्तर भई कुनै किसिमको भवितव्य नभएमा लगानीकर्ताको अपेक्षा अनुसार संस्थाले आगामी दिनमा सेयरधनी महानुभावहरुलाई तुलनात्मकरुपमा राम्रो प्रतिफल दिन सकिने अवस्था रहेको छ ।
- सिभिल बैंक लिमिटेडको ५१ प्रतिशत सेयर पूँजी रहेको सहायक कम्पनीको रुपमा सञ्चालित यस संस्थामा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रकृया अगाडि बढाउनु पर्ने अवस्था आएमा सञ्चालक समिति सधै सजक रहेको छ। साथै, आवश्यकता भई उपयुक्त संस्था पाईएमा प्रकृया अगाडि बढाउने जानकारी गराउनु भयो ।
- आगामी केही वर्ष मौजुदा पूँजीबाट नै व्यवसाय विस्तार गर्न सकिने ठाउँ रहेको छ। पूँजी वृद्धि गर्ने सन्दर्भमा नियामक निकाय नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक कार्यहरु गर्नेछौं ।

अन्त्यमा, यस वित्तीय संस्थाको कारोबारमा अझ वृद्धि गरी सेयरधनीहरुलाई आकर्षक एवं उचित प्रतिफल दिन वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको र सेयरधनी महानुभावहरुको उपरोक्त सुझावहरुलाई आगामी दिनमा लागू गर्दै जाने प्रतिवद्धता सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले व्यक्त गर्नुभयो ।

कम्पनी सचिव

CL3SL

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD.

१३. **सभाका निर्णयहरु :**

आजको सभामा सेयरधनी महानुभावहरुले दिनु भएका अमूल्य राय तथा सुझावलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु उपस्थित सेयरधनी महानुभावहरुबाट ताली बजाई सर्वसम्मतले पारित/स्वीकृत भयो ।

(क) **सामान्य प्रस्तावहरु :**

निर्णय नं. १

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. २

लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात, मिति २०७७/०४/०१ गते देखि २०७८ मसान्तसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचिहरु सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ३

सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २४,२१,२१,३७९/५० को १ प्रतिशतको दरले रु. २४,२१,२१३/८० (अक्षरेपी चौबिस लाख एक्काइस हजार दुई सय तेह्र रुपैयाँ र पैसा असी मात्र) बराबर नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ४

वित्तीय संस्थाको सञ्चालक समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि श्री आर. के. एसोसियट्स, चार्टर्ड एकाउण्टेण्टस्लाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म परीक्षण र प्रमाणिकरण पारिश्रमिक स्वरुप कर बाहेक रु. ३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

(ख) **विशेष प्रस्ताव :**

निर्णय नं. १

सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २४,२१,२१,३७९/५० को १९ प्रतिशतले हुन आउने रकम रु. ४,६०,०३,०६२/१० (अक्षरेपी चार करोड साठी लाख तीन हजार बैसट्ठी रुपैयाँ र पैसा दस मात्र) बराबरको बोनस सेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. २

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको नियम ३२ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल भई सर्वसम्मतिले पारित गरियो । प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

कम्पनी सचिव

CL3SL

**प्रबन्धपत्रमा भएको संशोधन**

**दफा-६** **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने सेयर पूँजी रू. २८,८१,२४,४४१/६० (अट्ठाइस करोड एकासी लाख चौबिस हजार चार सय एकचालिस रुपैयाँ र पैसा साठी मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १०० का दरले २८,८१,२४४.४१६ (अट्ठाइस लाख एकासी हजार दुई सय चवालीस दशमलव चार एक छ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. २८,८१,२४,४४१/६० (अट्ठाइस करोड एकासी लाख चौबिस हजार चार सय एकचालिस रुपैयाँ र पैसा साठी मात्र) हुनेछ ।

**नियमावलीमा भएको संशोधन**

**नियम-३२ (१) :**

(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु. ६,०००/- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. ५,०००/- हुनेछ । सञ्चालकको संयोजकत्वमा गठित समिति/उपसमितिहरुको बैठकमा उपस्थित भए बापत सञ्चालकलाई प्रति बैठक भत्ता रु. ५,०००/- प्रदान गरिने छ ।

(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।
(अ) स्वदेशमा दैनिक भत्ता रु. ५,०००/-

**१४. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नुहुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण सेयरधनी महानुभावहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने सभाहलका सञ्चालक तथा कर्मचारीहरु, सेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कर्मचारीहरु तथा सम्बद्ध सबै पक्षलाई सभाका अध्यक्षज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

तत्पश्चात यस सभाका अध्यक्षज्यूले दिनको १:०० बजे सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

देवकर कार्की
**कम्पनी सचिव**
कम्पनी सचिव

मितिः २०७८ कार्तिक २८ गते आइतवार ।

सचिन जङ्ग रायमाझी
**अध्यक्ष**

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको
## प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले विवरण

प्रबन्धपत्रमा संशोधनको प्रस्ताव :

| दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| दफा-६ | लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना : लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने सेयर पूँजी रू. २४,२१,२१,३७९/५० (**चौबिस करोड एक्काइस लाख एक्काइस हजार तीन सय उनासी रुपैयाँ र पैसा पचास मात्र**) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १०० का दरले २४,२१,२१३.७९५० (**चौबिस लाख एक्काइस हजार दुई सय तेह्र दशमलव सात नौ पाँच**) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी **रू. २४,२१,२१,३७९/५० (चौबिस करोड एक्काइस लाख एक्काइस हजार तीन सय उनासी रुपैयाँ र पैसा पचास मात्र)** हुनेछ । | लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना : लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने सेयर पूँजी रू. २८,८१,२४,४४१/६० (**अट्ठाइस करोड एकासी लाख चौबिस हजार चार सय एकचालिस रुपैयाँ र पैसा साठी मात्र**) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु. १०० का दरले २८,८१,२४४.४१६ (**अट्ठाइस लाख एकासी हजार दुई सय चवालीस दशमलव चार एक छ**) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी **रू. २८,८१,२४,४४१/६० (अट्ठाइस करोड एकासी लाख चौबिस हजार चार सय एकचालिस रुपैयाँ र पैसा साठी मात्र)** हुनेछ । | चुक्ता पूँजीको १९ प्रतिशतले हुने रु. ४,६०,०३,०६२/१० (चार करोड साठी लाख तीन हजार बैसट्ठी रुपैयाँ र पैसा दस) बराबरको बोनस सेयर जारी गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकोले । |

कम्पनी सचिव

CL3SL

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको
## नियमावली संशोधन सम्बन्धी तीन महले विवरण

नियमावलीमा संशोधनको प्रस्ताव :

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| नियम-३२ (१) | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु. ४,०००/- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. ३,५००/- हुनेछ ।<br>(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(अ) स्वदेशमा दैनिक भत्ता रु. ३,५००/- | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु. ६,०००/- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. ५,०००/- हुनेछ । **सञ्चालकको संयोजकत्वमा गठित समिति/उपसमितिहरुको बैठकमा उपस्थित भए बापत सञ्चालकलाई प्रति बैठक भत्ता रु. ५,०००/- प्रदान गरिनेछ ।**<br>(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(अ) स्वदेशमा दैनिक भत्ता रु. ५,०००/- | हालको बजार तथा समय अनुकुल गर्नको लागि । |

कम्पनी सचिव

CLBSL